आज मिति २०७७ साल बैशाख ७ गते आइताबारका दिन विहान ८.०० मेचीनगर नगरपालिकाको प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती | दस्तखत |
| वडा अध्यक्ष १, श्री पासाङ्ग तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष २, श्री तिलक न्यौपान | दस्तखत |
| वडा अध्यक्ष ३, श्री हर्कबहादुर बस्नेत | दस्तखत |
| वडा अध्यक्ष ४, श्री नवीन बराल | दस्तखत |
| वडा अध्यक्ष ५, श्री योगेन्द्र थापा | दस्तखत |
| वडा अध्यक्ष ६, श्री ललितबहादुर तामाङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष ७, श्री चन्दन मेचे | दस्तखत |
| वडा अध्यक्ष ८, श्री विकेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष ९, श्री गोपाल खड्का | दस्तखत |
| वडा अध्यक्ष १०, श्री सुवेशकुमार पनेरु | दस्तखत |
| वडा अध्यक्ष ११, श्री सन्तोषकुमार मेचे | दस्तखत |
| वडा अध्यक्ष १२, श्री नरेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष १३, श्री कृष्ण सिग्देल | दस्तखत |
| वडा अध्यक्ष १४, श्री शंकर पोखरेल | दस्तखत |
| वडा अध्यक्ष १५, श्री गुणराज भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकाराम सार्की | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्मला परियार | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाईं | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी | दस्तखत |
| प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग, सचिव | दस्तखत |
| ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती | दस्तखत |
| खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की | दस्तखत |
| सू. प्र. अ. श्री अशोककुमार भेटुवाल | दस्तखत |

**निर्णय नं. १.** विश्वव्यापीरुपमा महामारी सिर्जना गर्न सक्ने गरी संक्रमण भइरहेको कोभिड–१९ अर्थात् कोरोनाभाइरसको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट वि. सं. २०७६ साल चैत ११ गतेदखि लकडाउन घोषणा भएपछि लामो समयसम्म असंगठित क्षेत्रमा कार्यरत श्रमिक र असहाय परिवारलाई राहत उपलब्ध गराउन २०७६ चैत २० गतेको नगर कार्यपालिकाको बैठकबाट मेचीनगर नगरपालिका कोरोनाभाइरस रोकथाम र राहत तथा उद्धार सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरी कार्यविधि अनुसार यस नगर कार्यपालिकाको कार्यालयबाट सबै वडा कार्यालयहरुमा कार्यविधिको प्रक्रिया पुर्‍याई राहत वितरण गर्न र कार्यविधिको अनुसूची – १ र अनुसूची–३ अनुसारको विवरण कार्यालयमा पठाउन यसअघि नै जानकारी गराइएकोमा हालसम्म पनि सबै वडा कार्यालयहरुबाट जानकारी प्राप्त हुन नआएको सन्दर्भमा उल्लिखित विवरणहरु २०७७ बैशाख १२ गते शुक्रबारका दिन कार्यालय समयभित्र कार्यालयमा देहायको विवरण साथ पेश गर्न वडा कार्यालयहरुलाई लेखी पठाउन र सम्बद्ध पक्षबाट निम्न व्यवस्थापन हुन समेत निर्णय गरियो । यस निर्णयका सम्बन्धमा थप पत्राचार आदि नगर्ने र कार्यालयको Website बाटै जानकारी लिई आआफ्नो जिम्मेवारी पूरा गर्न समेत निर्णय गरियो ।

**निम्न**

१. वडा कार्यालयहरुबाट हालसम्म वितरण गरिएको राहत प्राप्त गर्ने सेवाग्राहीको व्यक्तिगत विवरण (निवेदन पत्र) कार्यविधिको अनुसूची – १ अनुसारको र राहत सामग्री वितरणको भर्पाइ विवरण अनुसूची–३ अनुसारको विवरण कार्यालयमा पेश गर्ने

र राहत सामग्री वितरणको भर्पाइ विवरण अनुसूची–३ अनुसारको सम्बन्धित सबैको जानकारीको लागि वडा कार्यालयको सूचना पाटीमा समेत टाँस गरी सार्वजनिक गर्ने ।

२. उक्त १ नं. अनुसार १५ वटै वडा कार्यालयबाट प्राप्त विवरण हाललाई नगर कार्यपालिकाको कार्यालयको Website बाट सार्वजनिक गर्ने ।

३. वडा कार्यालयमा कुनै व्यक्ति वा सँस्थाबाट प्राप्त भएको जिन्सी राहत सामग्री भए सोको प्राप्ति र वितरणको विवरण उल्लिखित १ अनुसार नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने र यदि वडा कार्यालय वा पदाधिकारीबाट कुनै व्यक्ति वा सँस्थामार्फत् नगद सहयोग प्राप्त भएको भएमा २०७७।०१।१२ भित्र यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड काँकरभिट्टा शाखामा रहेको प्रकोप व्यवस्थापन कोष खातामा दाखिला गरी सक्कल भौचर नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

४.उल्लिखित अनुसूची – १ अनुसारको विवरण कार्यालयमा राखी अनुसूची – ३ अनुसारको सबै वडको विवरण नगरपालिकाले एकमुष्ट तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा प्रतिवेदन गर्ने र नगर कार्यपालिकाको कार्यालयको Website मा समेत राखी लकडाउन खुल्ला भएपछि राहत सम्बन्धी प्राप्त र वितरणको विवरण स्थानीय पत्रिकामार्फत् सार्वजनिक गर्ने व्यवस्था कार्यालयले मिलाउने ।

**निर्णय नं.** २. नेपाल सरकारबाट वि. सं. २०७६ साल चैत ११ गतेदखि लकडाउन घोषणा भएपछि लामो समयसम्म असंगठित क्षेत्रमा कार्यरत श्रमिक र असहाय परिवारलाई राहत उपलब्ध गराउन २०७६ चैत २० गतेको नगर कार्यपालिकाको बैठकबाट मेचीनगर नगरपालिका कोरोनाभाइरस रोकथाम र राहत तथा उद्धार सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरी कार्यविधि अनुसार यस नगरपालिकाका १५ वटा कार्यालयहरुमार्फत् वितरण गरिएको राहत सामग्रीको समेत समीक्षाको आधारमा अब दोश्रो चरणमा वितरण गर्नुपरेको अवस्थामा वितरण हुने सामग्री र परिमाणको सन्दर्भमा कार्यविधिको अनुसूचीमा संशोधन गरेर सोअनुसार मात्र वितरण गर्न सैद्धान्तिक सहमति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** विश्वव्यापीरुपमा महामारी सिर्जना गर्न सक्ने गरी संक्रमण भइरहेको कोभिड–१९ अर्थात् कोरोनाभाइरसको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट वि. सं. २०७६ साल चैत ११ गतेदखि लकडाउन घोषणा भएपछि हालसम्म कार्यालयको नियमित काम र सामान्य सेवा प्रवाह नभइरहेको पृष्ठभूमिमा नेपाल सरकार र प्रदेश सरकारको निर्देशनअनुसार तोकिएको मापदण्ड पूरा गरी बजेट फिर्ता हुने आयोजनाहरुलाई प्राथमिकता दिई विकास निर्माणका काम सञ्चालन गर्ने र सोको लागि भोलि मिति २०७७।०१।०८ गतेदेखि नै कार्यालयका प्राविधिक कर्मचारीहरु, शाखा तथा इकाइ प्रमुखहरु र वडा सचिवहरुलाई अनिवार्यरुपमा कार्यालयमा उपस्थित गराई कामकाज लगाउने व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** विश्वव्यापीरुपमा महामारी सिर्जना गर्न सक्ने गरी संक्रमण भइरहेको कोभिड–१९ अर्थात् कोरोनाभाइरसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्यकर्मीले प्रयोग गर्ने स्वास्थ्य सामग्री स्वास्थ्य शाखाबाट माग भई सामाजिक विकास समिति संयोजक श्री नवीन बराल तथा प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्ग र नगर विपद् व्यवस्थापन समिति अन्तर्गतको सचिवालयको सिफारिस समेतका आधारमा यस कार्यालयको मिति २०७६।१२।२६ को निर्णय (श्रीमान् प्रमुखस्तरीय) बमोजिम मिति २०७६।१२।२७ मा सार्वजनिक आह्वान अनुसार पेश भएको निम्न स्वास्थ्य सामग्रीको दरअनुसार निम्न अनुसारको सामग्री खरिद गर्न हालको कोभिड–१९ को सम्भाव्य महामारीको कारण उत्पन्न विशेष परिस्थितिमा अपनाइएको खरिद प्रक्रिया र कार्यको सम्पूर्ण व्यहोरा अनुमोदन गर्ने र सो खरिद गरिएको स्वास्थ्य सामग्रीको सम्पूर्ण मूल्य नगर कार्यपालिकाको प्रकोप व्यवस्थापन कोषमा मौजुदा रकमबाट भुक्तानी गर्न निर्णय गरियो

**तपसिल**

| S. No. | Description | Unit | Quantity |
|---|---|---|---|
| 1. | PPE Kitt With includes:<br>Re-useable gown autocable-1<br>Mask Disposable three ply-1<br>KN-95 Mask-1<br>Goggles-1<br>Gloves one - 1 pair<br>Dust Box-1<br>Gomboot- 1 pair<br>Show cover-1 | Set | 100 |
| 2. | PPE Kitt With includes:<br>Disposeable gown autocable-1 | | |

| | | | |
|---|---|---|---|
| | Mask Disposable three ply-1<br>KN-95 Mask-1<br>Goggles-1 N<br>Gloves one - 1 pair<br>Dust Box-1<br>Gomboot- 1 pair<br>Show cover-1 | Set | 503 |
| 3. | Surgical Gloves | Pair | 1000 |
| 4. | KN-95 | Pcs | 200 |
| 5. | Surgical Masks | Pcs | 2000 |
| 6. | Sodium Hydrochloride | Ltr. | 5 |
| 7. | Infrared Thermometre | Pcs | 15 |
| 8. | Digital Thermometre | Pcs | 30 |
| 9. | Hand Sanitizer 100 ml. | Bottle | 400 |

**निर्णय नं. ५.** स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ८३ अनुसार यस कार्यालयको संगठन सर्भेक्षण र संगठन विकास अध्ययन गर्ने कार्यको लागि गत आ. व. २०७५।०७६ मा नै स्वीकृत कार्यक्रम र बजेटअनुसार परामर्शदाताबाट गरिएको संगठन सर्भे र संगठन विकास अध्ययन प्रतिवेदन चौथौ नगर सभाबाट नै स्वीकृत भई आँशिकरुपमा कार्यान्वयनमा रहेको मूल संरचना र दरबन्दी तेरिजलाई नगर कार्यपालिकाबाट स्वीकृत हुन निर्णय ( निर्णय नं. २१ ) भएकोमा सोलाई तयार गरी आगामी बैठकमा पेश भई पूर्णरुपमा कार्यान्वयन व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६.** विश्वव्यापीरुपमा महामारी सिर्जना गर्न सक्ने गरी संक्रमण भइरहेको कोभिड–१९ अर्थात् कोरोनाभाइरसको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट वि. सं. २०७६ साल चैत ११ गतेदेखि लकडाउन घोषणा हुनु अगावै २०७६।१२।५ को निर्णय नं. ५ अनुसार नगरपालिकाबाट सञ्चालन हुने कोरोनाभाइरस नियन्त्रणार्थ आवश्यक कार्य तथा क्रियाकलाप श्रीमान् प्रमुखज्यूबाट स्वीकृत हुने गरी सामुहिक क्वारेन्टाइन र क्वारेन्टाइन केन्द्र सञ्चालनको लागि समन्वय, सहजीकरण र व्यवस्थापनको निम्ति नगर कार्यपालिका सदस्य एवम् नगर कार्यपालिकाको विपद् व्यवस्थापन समिति संयोजक श्री टीकाराम सार्की र सामाजिक विकास समितिका संयोजक श्री नवीन बराललाई जिम्मेवारी तोकिएको तथा स्वीकृत क्रियाकलापअनुसारको काममा भएको खर्च नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भएको निर्णयअनुसार मिति २०७६।१२।२० गतेको नगर कार्यपालिकाको बैठकमा ( निर्णय नं. ४) उल्लिखितानुसार हुने गरी नगर प्रकोप व्यवस्थापन कोषबाट श्री टीकाराम सार्कीले रु.१५ लाख पेश्की लिएकोमा मिति २०७६।१२।३० गतेसम्ममा गरेको कामअनुसारको खर्चको विल भर्पाइसहित बैठकमा पेश गरेको प्रतिवेदन र खर्च जम्मा रु.१९,९८,०५६।०० को विवरण स्वीकृत गरी कूल खर्चमध्ये पेश्की रकम रु. १५ लाख फछ्र्यौट गरी रु. ४,९८,०५६।०० समेत नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने र आदर्श मा. वि. मा सञ्चालनमा रहेको क्वारेन्टाइन २०७७।०१।१० भित्र बन्द गरी २०७७।०१।१० सम्मको क्वारेन्टाइन व्यवस्थापन खर्च समेत प्रकोप व्यवस्थापन कोषबाटै विल भर्पाइका आधारमा भुक्तानी दिई का. पा. सदस्य श्री टीकाराम सार्कीले यस विपद्को समयमा क्वारेन्टाइन व्यवस्थापन लगायतको कार्य सम्पादन गरेर सह्रानीय कार्य गर्नुभएकोमा श्री टीकाराम सार्कीलाई विशेष धन्यबाद दिने निर्णय गरियो ।

**निर्णय नं. ७.** नगर कार्यपालिकाको अर्को बैठकमा कार्यालय प्रमुखमार्फत् पेश गर्ने गरी सबै शाखा तथा उपशाखाबाट दोश्रो चौमासिकमा सम्पादन गरिएको कार्यको विवरण माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** हालसम्म नगर कार्यपालिकाको कार्यालयमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त पत्रहरु बैठकमा पेश भई कार्यान्वयनको लागि जानकारी तथा निर्णय भयो ।

**निर्णय नं. ९.** सबै वडा कार्यालयहरुबाट कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि आआफ्नो तर्फबाट जनप्रतिनिधि र कर्मचारीहरुले सक्रियतापूर्वक प्रचारप्रसार र लकडाउन कार्यान्वयनमा विशेष भूमिका निर्वाह गर्न तथा वडाको कृषि विकास र पशु सेवा प्रबर्द्धनमा सबै वडाध्यक्षज्यूहरु सक्रिय भएर किसानलाई सहयोग, समन्वय र सहजीकरण गर्न निर्णय गरियो ।

**निर्णय नं. १०.** कोरोनाभाइरसको संक्रमण रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले लकडाउन गरी कार्यान्वयनमा रहेकोमा लकडाउनका कारण राहत आदि व्यवस्थापन गर्न नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा २०७७ साल बैशाख महिनाको तलब तथा सुविधाबाट निम्नानुसार रकम जम्मा गरी सहयोग गर्न निर्णय गरियो ।

**तपसिल**

.१. प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरुले बैशाख महिना एक महिनाको सुविधा वापतको रकम,

२. स्वास्थ्य सेवा बाहेकका स्थायी कर्मचारीहरुको हकमा सुरु तलब स्केलको हिसावले हुने अधिकृत कर्मचारीहरुले ५ दिनको तलब बराबरको रकम र सहायकस्तरका कर्मचारीहरुले ३ दिनको तलब बराबरको रकम,

३. करार सेवा, अस्थायी, स्वास्थ्य सेवा, सेवा करार र दैनिक ज्यालादारीका कर्मचारीहरुले नगद सहयोग गर्नु नपर्ने ।

**निर्णय नं. ११**. विश्वव्यापीरुपमा महामारी सिर्जना गर्न सक्ने गरी संक्रमण भइरहेको कोभिड–१९ अर्थात् कोरोनाभाइरसको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट वि. सं. २०७६ साल चैत ११ गतेदेखि लकडाउन घोषणा भएपश्चात् पहिलो चरणमा असंगठित क्षेत्रका श्रमिकहरु र असहायहरुलाई राहत सामग्री वितरण कार्य सम्पन्न भइसकेको र दोश्रो चरणको राहत वितरण हुने सुनिश्चित हुन बाँकी रहेको सन्दर्भमा कोही कसै नगरवासीहरु खाद्यान्नबाट आहत भएको अवस्थामा उपप्रमुखज्यूको परामर्शमा प्रमुखज्यूले स्वीकृत गरी आपतकालीन रुपमा निम्न प्याकेजमा खाद्यान्न वितरण गर्ने र अत्यावश्यक औषधि वडावडामा उपलब्ध गराउन सहजीकरणका लागि हरेक वडामा वडाध्यक्षको सिफारिसमा १।१ जना सदस्य वा सम्पर्क व्यक्ति तोकी अत्यावश्यक औषधि वा खाद्यान्न अभावलाई व्यवस्थपन गर्ने तथा नगरपालिकाको तर्फबाट सामाजिक विकास शाखा प्रमुख श्री अनन्तप्रकाश वस्ती र आर्थिक विकास शाखा प्रमुख श्री दीपेन्द्र कार्कीलाई फोकल पर्सन तोक्ने निर्णय गरिया । यस खालको अत्यावश्यक खाद्यान्न हाल नगरपालिकामा विभिन्न व्यक्ति तथा निकायबाट सहयोगवापत प्राप्त सामग्री समेत व्यवस्थापन हुन र सो प्रति इकाइ प्याकेजमा चामल १० केजी र दाल १ केजी रहने गरी व्यवस्थापन हुन समेत निर्णय गरियो ।